कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर - बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प:.सं. २०८३/०८४ (शिक्षा तथा खेलकुद शाखा)

च:.नं. ११

मिति : २०८३/०५/०१

विषय:- आर्थिक लेखापरीक्षणका लागि आशय पत्र पेस गर्ने सम्बन्धमा ।

श्री सूचीकृत लेखा परीक्षकज्यूहरू !

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ज (२१) तथा शिक्षा नियमावली २०५९ (दशौं संशोधन २०८३ सहित) को नियम १७१ र १७२ बमोजिम प्रत्येक आर्थिक वर्षको आर्थिक लेखापरीक्षण गराउनु पर्ने प्रावधान बमोजिम कोहलपुर नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरु (धार्मिक विद्यालय तथा सार्वजनिक गुठी समेत) मा माध्यमिक तहमा (कक्षा ०-१२) रु. १५०००/-(पन्ध्र हजार रुपैयाँ मात्र) र आधारभूत तहमा (कक्षा ०-८) रु. १००००/- (दश हजार रुपैयाँ मात्र) मा नबढ्ने गरी आ. व. २०८१/०८२ को सशर्त तथा आन्तरिक आर्थिक कारोबारको लेखा परीक्षण गर्नको लागि नेपाल चार्टर्ड एकाउन्टेन्टस् (ICAN) मा दर्ता तथा अद्यावधिक भएका इच्छुक रजिस्टर्ड लेखापरीक्षकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८३/०५/१५ गतेसम्म कार्यालय समयभित्र तपसिल बमोजिमका कागजातहरु सहित शिक्षा, युवा तथा खेलकुद शाखामा आशय पत्र पेश गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको जानकारी गराइन्छ ।

तपसिल:

- सम्बन्धित लेखा परीक्षकको आशय पत्र,
- सम्बन्धित लेखा परीक्षकको नागरिकता तथा पेशागत कागजात प्रमाणपत्रहरुको प्रतिलिपि,
- संस्थागत फर्म दर्ता वा नवीकरण प्रमाणपत्रको प्रतिलिपि,
- भ्याट दर्ता तथा आ. व. २०८१/०८२ को करचुक्ता वा म्याद थपको कागजातको प्रतिलिपि,
- स्थायी लेखा नम्बरको प्रतिलिपि

रविलाल मिजार

वरिष्ठ शिक्षा अधिकृत